# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

मिति : २०७७/०६/२१

च.नं : ३६

**हाल संचालित बहुउद्देश्यीय फलफुल नर्सरीहरुको क्षमता अभिवृदी कार्यक्रम संचालन सम्बन्धि सूचना**

यस कार्यालयको आ.ब. ०७७/७८ को वार्षिक (शसर्त संघ) स्वीकृत कृषि कार्यक्रम अनुसार हाल संचालनमा रहेका बहुउद्देश्यीय फलफुल नर्सरीहरुको क्षमता अभिवृदी कार्यक्रम संचालन (संख्या १) गर्न को लागि यस नगरपालिका भित्रका तपसिल बमोजिमका योग्यता पुगेका फलफुल नर्सरीहरुले निम्नानुसारका कागजात सहित मिति २०७७/०७/०५ गते सम्म यस कार्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको लागि आदेशानुसार अनुरोध छ।

कृषि विकास अधिकृत

**पेश गर्नुपर्ने कागजात / शर्तहरु**

- हाल संचालनमा रहेका फलफूल नर्सरीहरुले वार्षिक कम्तिमा १५००० (विरुवा संख्या) गुणस्तरीय फलफूल बिरुवा उत्पादन गर्ने बिरुवाको बार्षिक कार्य योजना सहितको प्रतिवद्धता पेश गर्नुपर्ने छ।
- भाडामा जग्गा लिई नर्सरी संचालन गरी रहेको हकमा कम्तिमा पनि जग्गा धनि सँग १० बर्षको लागि करार सम्झौता गरि उक्त जग्गाको लालपुर्जा र जग्गा धनीको नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्ने छ।
- नर्सरीहरुको क्षमता अभिवृदी कार्यक्रममा दर्ता भएका फलफूल नर्सरीहरुलाई मात्र कार्यक्रममा समावेश गरिनेछ।
- फलफूल नर्सरी जाली घरभित्र भएमा कम्तिमा २ रोपनी र खुल्ला जमिन भएमा कम्तिमा ५ रोपमी क्षेत्रफ़लमा भएको हुनुपर्ने छ।
- सम्वन्धित वडा कार्यालयको शिफारिस।
- नर्सरी दर्ताको प्रमाण पत्र/ नविकरण/ करचुक्ता / Audit report/(०७६/७७) को प्रतिलिपि।
- रु.१० को टिकट टाँस गरेको निवेदन -१।
- यस सूचनामा नसमेटिएको हकमा नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालयको बहूउद्देश्यीय नर्सरी स्थापना तथा हाल संचालित नर्सरीहरुको क्षमता अभिवृदी कार्यक्रम संचालन प्रक्रिया २०७७ बमोजिम हुनेछ।

नर्सरी धनीले थप तपसिल बमोजिमको विवरण (निम्न ढाँचामा) पेश गर्नुँ पर्ने छ।

| सि.नं. | नर्सरीको नाम ठेगाना, प्रो.नाम थर/ सम्पर्क नं. | बिरुवाको किसिम/जात | दर्ता नं. /मिति | माउबोट (संख्या) | मौजुदा रुटस्टक (संख्या) | ०७६/७७ मा उत्पादित विरुवा (संख्या) | ०७७/७८ लागि उत्पादन हुने प्रस्तावित बिरुवा (संख्या) | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |



Scanned with CamScanner

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

च.नं : ३४

मिति : २०७७/०६/२१

सूचना! सूचना!! सूचना!!!

प्रस्तुत विषयमा यस न.पा को आ.ब ०७७/७८ को बार्षिक स्वीकृत कृषि कार्यक्रम अनुसार कुरिलो बेर्ना नर्सरी स्थापना (५०% अनुदान) कार्यक्रम संचालनको लागि यस नगरपालिका भित्रका ईच्छुक कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुले यही मिति २०७७/०७/०५ गते भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यस कार्यालयमा (आर्थिक विकास शाखा –कृषि ) निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

तपसिल

| सि.न | कार्यक्रम | लक्ष्य | वजेट (रु.हजारमा ) |
|---|---|---|---|
| १ | ७५ % अनुदानमा- कुरिलो नर्सरी स्थापना | ३ | ३×१००= ३०० |

२०७७/०६/२१

छवि लाल शर्मा

कृषि विकास अधिकृत (आठौं)

पेश गर्नु पर्ने कागजात / शर्तहरु

१. कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुले कार्यक्रम संचालन गर्ने कृषक कुनै १ जनाको नाम/ ठेगाना /सम्पर्क नं. र नागरिकताको प्रतिलिपि सहित कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
३. कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुको नविकरण/ प्यान नं. /आ.ब ०७६/७७ को अडिट रिपोर्ट/कर चुक्ताको प्रमाण पत्र,दर्ता प्रमाण पत्र आदिको प्रतिलिपि ।
४. सिफारिस भएको कृषकको कुरिलो खेति सम्वन्धि ज्ञान सिप तालिम अध्ययनका प्रमाण पत्रहरुको प्रतिलिपि,खेति गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि (कित्ता र स्वामित्व खुलेको) वा भाडा जग्गा लिएको हकमा कम्तिमा ५ बर्ष सम्म भाडामा लिएको करारनामा साथै उक्त जग्गाको लालपुर्जाको प्रतिलिपिका साथै लगानी गर्ने रकम समेतको प्रतिबद्धता ।
५. कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुले अधिकार प्रत्यायोजन गरेको ब्यात्ति स्वयं उपस्थित भै निवेदन दर्ता गर्नु पर्ने छ ।
६.कुरिलो नर्सरी स्थापना सम्वन्धि सक्षिप्त व्यावसायिक कार्ययोजना पेश गर्नु पर्ने छ ।
७. रु.१० को हुलाक टिकट टाँस सहितको कार्यक्रम माग गरेको सम्वन्धित कृषकको निबेदन ।
८. यसै प्रयोजन/कार्यक्रमको लागि अन्य कुनै निकायमा हाल प्रस्ताव पेश गरेको वा नगरेको र अन्य कुनै निकाय वा यस कार्यालयबाट विगत २ बर्ष देखि कुनै अनुदान लिए नलिएको प्रतिबद्धता पत्र संलग्न गर्नु पर्ने छ ।

नोट : म्याद नाघी आएका र कुनै शर्तराखी निवेदन दर्ता गरिने छैन ।



Scanned with CamScanner